## प्रस्ताव तथा निर्णयहरु

### प्रस्तावहरु

प्रस्तावहरु

१. आगामी आर्थिक वर्ष २०८१/०८२ को विनियोजन विधयेक सम्वन्धमा।
२. आगामी आर्थिक वर्ष २०८१/०८२ को आर्थिक विधयेक सम्वन्धमा।
३. आगामी आर्थिक वर्ष २०८१/०८२ को वजेट वक्तव्य सम्वन्धमा।
४. आगामी आर्थिक वर्ष २०८१/०८२ को वार्षिक वजेट तथा कार्यक्रम सम्वन्धमा।
५. आर्थिक वर्ष २०८०/०८१ को न्यायिक समितिको प्रतिवेदन पेश तथा अनुमोदन सम्वन्धमा।
६. गाउँकार्यपालिकाले गरेका सम्पुर्ण निर्णयहरु अनुमोदन सम्बन्धमा ।
७. माण्डवी गाउँपालिकामा आ.व. २०८०/०८१ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन भएका सम्पूर्ण योजनाहरु अनुमोदन सम्बन्धमा।
८. गाउँपालिकाले करार सेवामा लिएका कर्मचारीहरुको नियुक्ति अनुमोदन सम्बन्धमा।
९. आर्थिक वर्ष २०८०/०८१ को हालसम्मको सम्पूर्ण खर्च अनुमोदन सम्बन्धमा।
१०.आर्थिक वर्ष २०८०/०८१ मा गाउँकार्यपालिका बैठकले पारित गरेका नियमावली, कार्यविधि, निर्देशिका, मापदण्डहरु अनुमोदन सम्बन्धमा।
११.अर्धवार्षिक समिक्षा सम्वन्धमा।
१२.सार्वजनिक सेवा प्रवाह सम्वन्धमा।
१३.रकमान्तर सम्वन्धमा।
१४.निर्माणाधिन चकचके एकचोटे कालिखोला जोड्ने मोटरबाटो नयाँ सडक आयोजना ठेक्का नं 07-MRM/NCB-080/081 को लागि आवश्यक पर्ने वजेट रकमान्तर सम्वन्धमा।

### निर्णयहरुः

१. प्रस्ताव नं १ माथि छलफल गर्दा माण्डवी गाउँपालिका उपाध्यक्षले पेश गर्नुभएको माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को खर्च गर्ने विधेयक विनियोजन विधेयक सम्मानित गाउँसभाबाट सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो।
२. प्रस्ताव नं २ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ का लागि लगाउन सक्ने कर र करका दायरा समेटी तयार भएको आर्थिक विधेयक २०८१ सर्वसम्मतीले पास गर्ने निर्णय गरियो।
३. प्रस्ताव नं ३ माथि छलफल गर्दा गाउँपालिका उपाध्यक्षले पेश गर्नुभएको माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ का लागि विभिन्न विषय क्षेत्र र योजना तथा कार्यक्रमका लागि विनियोजन वजेट सहित तयार भएको वजेट वक्तव्य सर्वसम्मतीले पास गर्ने निर्णय गरियो ।
४. प्रस्ताव नं ४ माथि छलफल गर्दा गाउँपालिका उपाध्यक्षले पेश गर्नुभएको माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ का वजेट उद्देश्य, विभिन्न शीर्षकका लागि विनियोजन भएको अनुमानित वजेट तथा कार्यक्रम सर्वसम्मतीले पास गर्ने निर्णय गरियो।
५. प्रस्ताव नं ५ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ मा न्यायिक समितिमा परेका उजुरी, उजुरी माथि गरिएको कारवाही, मेलमिलाप गरिएको संख्या लगायत विषय समेटिएको न्यायिक समितिको प्रतिवेदन सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को माघ महिना देखि हाल सम्म बसेको गाउँकार्यपालिका बैठकले हालसम्म गरेका सम्पूर्ण नीति तथा निर्णयहरु सर्वसम्मतबाट अनुमोदन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा माण्डवी गाउँपालिकामा आ.व. २०८०/०८१ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन भएका सम्पूर्ण खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाले आ.व. २०८०/०८१ मा सेवा करारमा लिएका सम्पूर्ण कर्मचारीहरुको नियुक्तिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा आर्थिक वर्ष २०८०/०८१ मा माण्डवी गाउँपालिकामा नेपाल सरकार र प्रदेश सरकारबाट शसर्त अनुदान, वित्तीय समानीकरण अनुदान, राजस्व बाडफाडमा प्राप्त भएको वजेट, आन्तरिक आम्दानी र विपद व्यवस्थापन कोषमा जम्मा भएको रकम अनुसार माण्डवी गाउँपालिकाले हालसम्म गरेको सम्पूर्ण खर्च सर्वसम्मतबाट अनुमोदन गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं १० माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ मा बसेको गाउँकार्यपालिका बैठकले पारित गरेका सम्पूर्ण नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड तथा कानुनहरु सर्वसम्मतबाट अनुमोदन गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं ११ माथि छलफल गर्दा आ.व. २०८०/०८१ को माघ महिना देखिको माण्डवी गाउँपालिका, अन्तर्गतका शाखा. विषयगत समिति, वडा कार्यालय र स्वास्थ्य संस्थाबाट सम्पादन हुने सार्वजनिक सेवा प्रवाह, विकास निर्माणका कार्यहरुको कार्यान्वयन सन्तोषजनक रहेको पाइयो । सम्पूर्ण नीति तथा निर्णयहरुलाई समयमै सम्पन्न गर्न प्रशासनलाई निर्देशन दिने, सेवा प्रभावहलाई अझ प्रभावकारी, जवाफदेही चुस्त दुरुस्त बनाउन जनप्रतिनिधि, कर्मचारी र सम्पूर्ण सरोकारवाला निकायहरुको समन्वय, सहकार्य गरि गुणस्तरीय सेवा प्रदान गर्नुपर्ने कुरालाई जोड दिदै आर्थिक वर्ष २०८०/०८१ को अर्धवार्षिक समिक्षा गर्ने गरियो ।

१२.प्रस्ताव नं १२ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई जनमुखि, उत्तरदायि र प्रभावकारी वनाउनका लागि सेवा प्रवाहको नवीनतम प्रविधिमा जोड दिने निर्णय गरियो।

१३.प्रस्ताव नं १३ माथि छलफल गर्दा आ.व. ०८०/०८१ का लागि विभिन्न वजेट शीर्षकका लागि अपुग भएको वजेट गाउँपालिकाको आन्तरीक श्रोत र राजस्व वाडवाँडबाट व्ययभार हुनेगरी तपसिलको शिर्षकमा तपसिल बमोजिम वजेट रकम रकमान्तर गर्ने गाउँ कार्यपालिकाको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

तपसिलः

| क्र स | वजेट शीर्षक | वजेट रकम रु | कैफियत |
|---|---|---|---|
| १ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३,२०,०२६/- | |
| २ | विविध खर्च | ४,५०,०००/- | |
| ३ | सवारी साधन मर्मत खर्च | १,३८,४००/- | |
| ४ | अन्य सामाजिक सुरक्षा | १,४६,१२०/- | |
| ५ | अन्य सस्था सहायता | ९६,५००/- | |
| ६ | सवारी साधन व्यवस्थापन | २६,४९,१०१/- | |
| ७ | चकचके एकचोटे कालीखोला जोड्ने मोटरबाटो नयाँ सडक आयोजना | ५०,००,०००/- | |
| ८ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३,२०,०२६/- | |

राज अधिकारी
अध्यक्ष

माण्डवी गाउँपालिका
सभाको सचिवालय
जस्पुर, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

CamScanner

१४.प्रस्ताव नं १४ माथि छलफल गर्दा आर्थिक वर्ष २०८०/०८१ मा यस माण्डवी गाउँपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अनुसार बहुवर्षीय योजनाका रुपमा चकचके एकचोटे कालिखोला जोड्ने मोटरबाटो नयाँ सडक आयोजना ठेक्का नं 07-MRM/NCB-080/**081** को बोलपत्र आह्वान भई रकम रु ३,५१, १५,०५८.३६/- अक्षरेपी तीन करोड एकाउन्न लाख पन्ध्र हजार अन्ठाउन्न रुपैया छत्तीस पैसा मात्र भ्याट पि.एस. आइटम सहित इजी लुम्बिनी –भृकुटी जे.भी. रोल्पा नगरपालिका ४ रोल्पा संग मिति २०८०/१२/२० गते यस कार्यालय संग सम्झौता भएको देखिन्छ । उक्त आयोजना माण्डवी गाउँपालिका र संघीय सरकारको समपुरक रहेको आ. व . २०८०/०८१ को लागि १ करोड ३० लाख विनियोजित भएको इजी लुम्बिनी –भृकुटी जे.भी. रोल्पा नगरपालिका ४ रोल्पाले दोस्रो रनिङ विल पेश गरी भुक्तानी पाउँ भनि निवेदन पेश गरेको र उक्त पेश गरिएको नापी किताव गाउँपालिका प्राविधिकद्वारा साईटमा वास्तविक कार्य संग नापजाँच गर्दा रकम रु २,८४,८७,८५५.६७ पैसा अक्षरेपी २ करोड चौरासी लाख सतासी हजार आठ सय पचपन्न रुपैया सठसठ्ठी मात्र भ्याठ र पि एस आईटम सहित कार्य भएको देखिन्छ । उक्त आयोजनाको सम्झोता बमोजिम कार्य सम्पन्न गर्ने अवधि २०८२/०३/१२ गते रहेको र आउने आ.व. ०८१/०८२ को लागि संघीय सरकार र यस माण्डवी गाउँपालिकाबाट रकम रु १ करोड पचास लाख रकम विनियोजित भएको र कार्य आ.व. २०८१/०८२ मा समेत उक्त निर्माण व्यवसायीलाई कार्य सम्पन्न भए पनि सम्झौता बमोजिम रकम भुक्तानी गर्न नसकिने कारण थप ७६ लाख रकम आवश्यक देखिन्छ । चालु आ व २०८१/८१ मा निर्माण व्यवसायीले पेश गरको विल अनुसार थप १,५९,८७,८५५/- आवश्यक परेको र उक्त शीर्षकमा आवश्यक रकम नरहेको कारण आगामी आ.व. २०८१/०८२ को वजेटबाट शोधभर्ना गर्ने गरेर निकाशा दिनुपर्ने गाउँ कार्यपालिकाबाट रकमान्तर सम्वन्धमा गरिएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

सभाधिकार
अध्यक्ष

माण्डवी गाउँपालिका
गाउँ सभाको सचिवालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३